# स्थानीय राजपत्र

| नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड १ | संख्या १८ | मितिः २०७६/०४/०१ |

**भाग २**

**नौकुण्ड गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको कार्यविधि संख्या १८

# मर्मत सम्भार कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** विकासका प्रतिफलको समानुपातिक वितरण गर्न एवं पिछडिएका समुदायको हितका लागि निर्माण भएका ग्रामिण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग, मर्मत सम्भार तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक कोषको व्यवस्था

नौकुण्ड गाउँपालिका, रसुवा

गर्दै आर्थिक-सामाजिक-सांस्कृतिक क्रियाकलापमा महिला, बालबालिका, अल्पसंख्यक, पिछडिएका वर्ग तथा समाजका विभिन्न पक्षहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता मार्फत स्थानीय उपभोक्ताहरुको सरोकारका विषयहरुमा साझेदारी तथा समन्वयको माध्यमबाट पूर्वाधारहरुको दिगो उपयोगको सुनिश्चितता गर्ने सम्बन्धि कार्य थप व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नौकुण्ड गाउँपालिकाको "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६" को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नौकुण्ड गाउँ कार्यपालिकाको मिति २०७६।०३।१४ को बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "मर्मत सम्भार कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नौकुण्ड गाउँ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले नौकुण्ड गाउँ कार्यपालिकालाइ सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले नौकुण्डगाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “कोष” भन्नाले मर्मत सम्भार तथा व्यवस्थापन कोषलाई सम्झनु पर्दछ ।

(च) “सभा” भन्नाले भन्नाले नौकुण्ड गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

३. **यस कार्यविधि बमोजिम गराउनु पर्ने:** नौकुण्ड गाउँपालिकामा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग, मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धि कार्य गर्दा यस कार्यविधि बमोजिम गराईने छ ।

## परिच्छेद-२

## उद्देश्य, कोषको स्थापना र सञ्चालन

४. **उद्देश्य:**

(१) नौकुण्ड गाउँपालिकामा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उचित उपयोग तथा मर्मत सम्भार तथा व्यवस्थापन गर्न सघाउ पुऱ्याउने ।

(२) विकासका प्रतिफलको समानुपातिक वितरण गर्न एवं पिछडिएका समुदायको हितका लागि निर्माण भएका ग्रामिण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग तथा मर्मत

सम्भार तथा व्यवस्थापनका लागि आवश्यक कोषको व्यवस्था गर्ने ।

(३) आर्थिक-सामाजिक-सांस्कृतिक क्रियाकलापमा महिला, बालबालिका, अल्पसंख्यक, पिछडिएका वर्ग तथा समाजका विभिन्न पक्षहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता मार्फत स्थानीय उपभोक्ताहरुको सरोकारका विषयहरुमा साझेदारी तथा समन्वयको माध्यमबाट पूर्वाधारहरुको दिगो उपयोगको सुनिश्चितता गर्ने ।

**५. कोषको स्थापना र सञ्चालनः**

(१) गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको स्वीकृत बजेटको सिमाभित्र रहि निश्चित रकम विनियोजन गरी पूँजिगत बजेट शिर्षकबाट खर्च लेखिने नयाँ योजना सञ्चालनका निमित्त विनियोजित रकम मध्ये ४५ ले हुन आउने रकम तथा अन्य संगठित संस्थाहरु, दातृ निकाय, व्यक्ति आदिबाट अनुदान, चन्दा, सर-सहयोग तथा ऋण समेत प्राप्त गरेर कोष खडा गरिनेछ ।

(२) दफा ४ बमोजिमका उद्देश्य अनुरुपका कार्य सम्पन्न गर्न कोषको सञ्चालनका निमित्त देहाय बमोजिम एक मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

पूर्वाधार विकास समिति संयोजक - संयोजक

सम्बन्धित कार्य हुने वडाको वडाध्यक्ष - सदस्य

गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

सम्बन्धित सेवा समुहको वरिष्ठतम् इञ्जिनियर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी - सदस्य सचिव

समितिलाई आवश्यकता महशुस भएमा कार्यविधिको क्षेत्रानुसार कार्य सम्पादन गर्न रितपूर्वक गठित उपभोक्ता समितिका अध्यक्ष, स्थानीय तहमा सक्रिय राजनैतिक दलका संयोजक तथा नागरिक समाजका प्रतिनिधिलाई आमण्त्रण गर्न सक्नेछ ।

**६. कोषको सञ्चालन र निर्णय सम्बन्धि अन्य व्यवस्था:**

(१) दफा ५ को उपदफा (२) बमोजिम गठित समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एक पटक बस्नेछ ।

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि समितिलाई आवश्यकता महशुस भएको खण्डमा तोकिए भन्दा बढि पटक पनि समितिको बैठक बस्न बाधा परेको मानिने छैन ।

(२) समितिको बैठकका निर्णयहरु सर्वसम्मतिबाट हुनेछन् । सर्वसम्मति हुन नसकेको अवस्थामा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(३) दफा ५ को उपदफा (२) बमोजिम आमन्त्रण गर्न सकिने भनि उल्लेख गरिएका प्रतिनिधिहरुको अनुपस्थितीले बैठकको गणपूरक संख्या नपुगेको मानिने छैन । बैठकमा हुने निर्णय प्रक्रियाको हकमा निजहरुमा मतदानको अधिकार रहने छैन ।

(४) कार्य सञ्चालनका सम्बन्धमा यस कार्यविधिमा उल्लेख गरिएकोमा यसै बमोजिम र थप विषयहरुको सन्दर्भमा समिति आफैले व्यवस्थित गरेको कार्यविधि बमोजिम हुनेछ । समितिले सम्पादन गरेका कार्यहरुको लगत राख्न यथोचित व्यवस्था गर्नु

पर्नेछ र सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि समितिबाट तोकिए बमोजिम निर्णय हुन नसकेका विषयहरु उपर छानबिन गरि प्रमुख प्रशासकीय अधिकृतले मनासिव तथ्य र कारण खुलाई गाउँ कार्यपालिकामा सिफारिस पेश गर्न बाधा परेको मानिने छैन ।

विशेष परिस्थितिमा बाहेक प्रमुख प्रशासकीय अधिकृतको सिफारिस मुताविक गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

७. **मर्मत सम्भार तथा व्यवस्थापन कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार**: मर्मत सम्भार तथा व्यवस्थापन कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(१) नेपाल सरकार, साविक गाउँ विकास समितिहरु वा दातृ संस्थाको सहयोग, साझेदारी तथा संयुक्त लगानिमा निर्माण भएका ग्रामिण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, तथा मेशिनरी औजारहरुको लगत तयार गरी मर्मत सम्भार एवं व्यवस्थापन गर्नुपर्ने भएमा प्राथमिकता अनुरुप तत्काल गर्नुपर्ने, केहि समय पश्चात गर्नुपर्ने र भविष्यमा गर्नुपर्ने गरी वर्गिकरण गरेर कार्यविधिमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरि गाउँ कार्यपालिकामा पेश गर्ने ।

(२) मर्मत सम्भार कार्यमा संलग्न उपभोक्ता समिति, ठेकेदार तथा संलग्न कर्मचारीहरुलाई आवश्यक सल्लाह प्रदान गर्ने ।

(३) मर्मत सम्भार सम्बन्धी कार्यका लागि प्रत्येक वर्षको कार्ययोजना निर्माण गर्ने, आर्थिक श्रोतको पहिचान गर्ने एवं कोष सञ्चालनमा आवश्यक नियम कानून सम्बन्धमा कार्यालयमा सिफारिस पेश गर्ने ।

(४) कोषको सञ्चालन र व्यवस्थापनका निमित्त गाउँ कार्यपालिकाले दफा ५ को उपदफा (२) बमोजिम गठित मर्मत सम्भार कोष व्यवस्थापन तथा सञ्चालन समिति लाई थप जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

## ८. मर्मत सम्भार सम्बन्धि कार्यविधिः

(१) मर्मत सम्भार सम्बन्धि कार्य गराउँदा प्रचलित नियमानुसार उपभोक्ता समितिबाट हुन सक्ने कार्य सोहि बमोजिम तथा दक्ष श्रमिक आवश्यक हुने र प्राविधिक दृष्टिकोणले जटिल एवं विशिष्ट प्रकारका कार्यहरु बोलपत्रका माध्यमबाट गराउनु पर्नेछ ।

(२) यस कोषबाट व्यय हुने कार्यका निमित्त सहभागिता मुलक पद्धतिबाट प्राप्त योजनाहरु मात्र सञ्चालन गरिने छन्, जसको स्वीकृत लागत अनुमानको आधारमा बजेट विनियोजन भईसके पश्चात पुनः बजेट थपघट गरिने छैन ।

तर दैवि प्रकोप या अन्य तत्कालिन परिस्थितिबाट सिर्जित समस्याका कारण गर्नै पर्ने विशेष कार्यका लागि अध्यक्षको निर्णय बमोजिम आवश्यक व्यवस्था गरिनेछ, अध्यक्षबाट भएको त्यस प्रकारको निर्णय तत्काल बस्ने गाउँ कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) नयाँ निर्माणका लागि पूँजिगत बजेट शिर्षकबाट खर्च लेखिने योजना सञ्चालनका निम्ति यस कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम शुरुमा नै कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

(४) कोषको परिचालन गर्दा लाभ पुग्ने सेवाग्राहिको पहिचान एवं लेखाजोखा गरी प्राथमिकता निर्धारण गरिनेछ । सडक मर्मत सम्भार सम्बन्धि कार्य गर्दा आवश्यकताका आधारमा यातायात सञ्चालन भएका सडकहरुलाई प्राथमिकतामा राख्नु पर्नेछ ।

९. **भुक्तानीको प्रक्रिया:** उपाध्यक्षको नेतृत्वमा रहने सहयोग तथा अनुगमन समितिको अनुगमन प्रतिवेदन प्राप्त गरी समितिको दफा ५ को उपदफा (२) बमोजिम गठित समितिले गरेको सिफारिस र गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णय बमोजिम उपयुक्त देखिएको रकम कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन हेर्ने अधिकृत दुवैको हस्ताक्षर भएको चेक मार्फत कोषको खाताबाट भुक्तानी गरिनेछ।

१०. **सहयोग तथा अनुगमन समिति:**

(१) स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उचित उपयोग, मर्मत सम्भार तथा व्यवस्थापन गर्न, आर्थिक-सामाजिक-सांस्कृतिक क्रियाकलापमा महिला, बालबालिका, अल्पसंख्यक, पिछडिएका वर्ग तथा समाजका विभिन्न पक्षहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता मार्फत स्थानीय उपभोक्ताहरुको सरोकारका विषयहरुमा साझेदारी तथा समन्वयको माध्यमबाट पूर्वाधार

हरुको दिगो उपयोगको सुनिश्चितता गर्न उपाध्यक्षको नेतृत्वमा रहने योजना जाँचपास तथा फरफारक समितिले सहयोग तथा अनुगमन समितिको कार्य गर्नेछ ।

सहयोग तथा अनुगमन समितिले आफ्नो कार्यविधि आफैंले व्यवस्थित गर्नेछ । कार्यपालिकाले तोकेका अन्य विषयहरु बाहेक सहयोग तथा अनुगमन समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ-

- स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भए नभएको, सुनिश्चित गर्न आवश्यकतानुसार अनुगमन गर्नु पर्नेछ ।
- कोषको रकम दुरुपयोग भएको शंका लागेमा वा तोकिएका क्षेत्रमा बाहेक अन्यत्र खर्च भएको सूचना प्राप्त भएमा जुनसुकै समयमा पनि अनुगमन गरी कानून बमोजिम आवश्यक कारवाही अगाडि बढाउन सक्नेछ ।
- समितिको संयोजकले अनुगमन प्रतिवेदन तयार गरि गाउँ कार्यपालिकामा पेश गर्नेछ ।

## परिच्छेद - ४

## विविध

**११. उल्लेख नभएका विषयहरु:** यस कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा माथिल्लो तहका सरकारको निर्देशन, गाउँ कार्यपालिकाका निर्णयहरु तथा अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछन् ।

१२. कोष सञ्चालन सम्बन्धि थप कार्यविधि, प्रक्रिया एवं अन्य विषयवस्तुहरु दफा ५ को उपदफा (२) बमोजिम गठित समिति स्वयंले व्यवस्थित गर्नेछ ।यसरी तय हुने थप विषयवस्तुहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेस गरि अनिवार्य रुपमा अनुमोदन गराउनु पर्नेछ ।

१३. मर्मत सम्भार कोषको रकम स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग, मर्मत सम्भार, व्यवस्थापन एवं तोकिएका उद्देश्य अनुरुपका क्षेत्रमा बाहेक खर्च गर्न पाईने छैन ।

१४. **अधिकार प्रत्यायोजनः** यस कार्यविधि बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकार मध्ये तोकिए बमोजिमका अधिकार बाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने गरि प्रत्यायोजन गर्न सकिनेछ ।

१५. **खारेजी र बचाउः** यस कार्यविधि जारी हुनु भन्दा पहिले स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग तथा मर्मत सम्भार सम्बन्धि यस कार्यालयबाट विगतमा भएका निर्णय एवं कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**प्रमाणीकरण मितिः २०७६।०३।१४**

**आज्ञाले,**
**लोकहरी थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा